STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031831, 9856071671
info@beaconedu.com.np
BRANCH OFFICE : Campus Road 05, Waling, Syangja 9856074674

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ वैशाख ३ गते शनिबार ❑ 16 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## एमाले अध्यक्ष ओलीद्वारा घलेगाउँलाई सुखी गाउँ घोषणा

**पोखरापत्र संवाददाता**
**लमजुङ, २ बैशाख**

पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले समुद्री सतहदेखि दुई हजार १०० मिटर उचाइमा रहेको दक्षिण एशियाकै नमूना घलेगाउँलाई सुखी गाउँ घोषणा गर्नुभएको छ। लमजुङ क्व्होलासोथर गाउँपालिका-३ मा रहेको पर्यटकीय यस गाउँलाई आज एक कार्यक्रमबीच उहाँले घलेगाउँलाई सुखी गाउँ घोषणा गर्नुभयो।



हेलिकप्टरमार्फत घलेगाउँ आउनुभएका अध्यक्ष ओलीले आधुनिक गाउँ र स्मार्ट भिलेका रूपमा अघि घलेगाउँ बढ्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "घलेगाउँ घरवासले नयाँ ढङ्गले विकास गरेको छैन, अरुका लागि पनि उदारणीय बनेको छ, घलेगाउँबाट सिक्न जरुरी छ।" अध्यक्ष ओलीले घलेगाउँमा रहेको उत्तरकन्य प्राविलाई आधुनिकीरण र प्रविधियुक्त विद्यालय बनाउनुपर्ने बताउनुभयो।

काम नगरी बस्ने, खानेलाई सुखी नभनी गाउँमा बसी आफैं उत्पादन गर्ने, आत्मनिर्भर बन्ने र आर्थिकरूपमा बलियो भएकाले यस गाउँलाई सुखी गाउँ भनिएको घलेगाउँ क्व्होलासोंथर गाउँपालिका अध्यक्ष प्रेमबहादुर घलेले बताउनुभयो। उहाँले भन्नुभयो, "शहरमा पाउने सुविधा घलेगाउँ पाउन सकिन्छ। सडक, बिजुली, टेलिफोन, इमेल, इन्टरनेट, घरघरमा खानेपानी, शौचालय, विद्यालय, आधारभूत स्वास्थ्य सेवालगायतको सुविधा पुगेको छ। स्थानीयले पर्यटन विकास गरी सुखी भएको र आनन्दका साथ बसेकाले सुखी गाउँ भनिएको हो।"

एक सय ३० घरधुरी रहेको यहाँ सबै एकै प्रकारको रातो रङ्को जस्ता पाताको छानो छ। विसं २०५७ वैशाख २३ गते प्रथम महोत्सव गरी घलेगाउँमा १२ घर घरवास (होमस्टे) स्थापना गरेको यहाँ यतिबेला ४२ घरमा घरवास कार्यक्रम रहेको छ। होमस्टेमा एकै प्रकारको आरामदायी कोठा छन्। सडक, बिजुली, टेलिफोन, इन्टरनेट, खानेपानी, विद्यालय, स्वास्थ्यलगायत आधारभूत सुविधापछि घलेगाउँ २०७६ साल मङ्सिर १७ गते स्मार्ट भिलेज घोषणा भएको थियो। गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ)ले नेपालकै उत्कृष्ट होमस्टेको रूपमा पुरस्कृतसमेत गरेको थियो। त्यस्तै, सो अघि दुई पटक दक्षिण एशियाकै नमूना घलेगाउँ घोषणा भइसकेको छ। जिल्लाकै सबैभन्दा बढी पर्यटक यस गाउँमा आउने गर्दछन्। होमस्टे सञ्चालकले प्रतिमहिना ४० देखि ६० हजार रुपैयाँ आम्दानी गर्दै आएका छन्।

होमस्टे सञ्चालन गरिएको ४२ घरबाहेक अन्य घरका वासिन्दाले पर्यटकका लागि आवश्यक अन्न, तरकारी, फलफूल, मासु, अण्डालगायत उत्पादन र स्वरोजगारमा जीवनयापन गर्दै आएका छन्। केही चोया, ऊन, अल्लोलगायतबाट हस्तकलाका सामग्री तयार पार्छन्। केहीले व्यावसायिक पसल चलाएका छन्। भैंडाको लागि गाउँलेको आफ्नै गोठ छ। घुम्ती पशुपालन र कृषिबाट पनि गाउँलेले आम्दानी गरेका छन्। केही वैदेशिक रोजगारीमा पनि छन्। एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री तथा नेता भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा 'आफ्नो गाउँ आफैं बनाऔं'को नारालाई सार्थक बनाउने परिकल्पना थाले अनुरुप नै घलेगाउँलाई आज सुखी गाउँ बनाउन सफल भएको बताइएको छ।

## पुम्दीकोटमा आइतबार देखि सुरु हुने महायज्ञको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**



पोखरा २२ स्थित पुम्दी भुम्दीको पुम्दीकोटमा यही वैशाख ४ गते आइतबारदेखि सुरु हुने महायज्ञको अन्तिम तयारी पुरा भएको छ। पुम्दीकोट कोट विकास समितिको आयोजनामा यही वैशाख १२ गतेसम्म संचालन हुने महायज्ञको अन्तिम तयारी भएको शुक्रबार पुम्दीकोटमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

पुम्दीकोट बिशाल महादेवको मुर्ति परियोजना अर्न्तगत अधुरा कार्य सम्पन्न गर्न र समितिको करिब ३ करोड ७५ लाख ऋण भएकोले उक्त भुत्तानी गर्नको लागि पनि पुनः दोश्रो पटक महायज्ञ आयोजना गर्न लागिएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए। परिमार्जीत परियोजना अर्न्तगत सुमेरु पर्वत नामाकरण गरी कुमार, पार्वतीको मुर्ति स्थापना गर्ने, भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म बिद्युतीय चियर कार निर्माण गर्ने, गृनरी पार्क निर्माण गर्ने, व्यबस्थित पार्किङ स्थल निर्माण गर्ने लगायतका परियोजना रहेको अध्यक्ष बरालले बताए। ४० करोडको उक्त परियोजना अर्न्तगत ५१ फिट अग्लो महादेवको मुर्ति, ३१ फिट अग्लो बिशाल डम्मरु, बिशाल महादेवको बिशाल क्षेत्र कुण्ड(गंगा पोखरी), १ सय ८ स्वर्गद्धारी सिढि निर्माण भएको उनले जनाए। त्यसै गरी एक सय ८ धारा सडित तेश्रो आँखा, २ सय १६ शिव लिंग, शिव ताण्डव नृत्य हल, अन्तराष्ट्रिय ध्यान केन्द्र, मनोरेलद्धारा गणेश परिक्रमा, फुलमाला बिक्रिको लागि ४१ वटा सटर, कम्पाउण्ड वाल, प्रशासकिय भवन, सौचालय लगायतका भौतिक संचरना निर्माण भएको अध्यक्ष बरालले बताए। उक्त परियोजनाको करिब ५० प्रतिशत काम सकिदा करिब २० करोड लगानी भएको उनले जनाए। ९ दीन चल्ने महायज्ञमाबाट करिब ६ करोड रुपैया संकलन गर्ने लक्ष्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

## परिवर्तन उल्ट्याउन खोज्नेविरुद्ध सशक्त प्रतिवाद गरौँ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, २ बैशाख**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताको भावना विपरित गएर संविधान मास्ने र परिवर्तन उल्ट्याउन खोज्नेविरुद्ध एकजुट भएर प्रतिवाद गर्नुपर्नेमा जोड दिनुभएको छ।

उहाँले जनताले सङ्घर्ष गरेर स्थापित गरेका परिवर्तनका मुद्दा कार्यान्वयन हुन नदिने अनेकन खालका षड्यन्त्र विगतमा पनि भएको र अहिले पनि त्यस्ता प्रवृत्ति कायम रहेकाले प्रतिवाद गर्नुपर्ने बताउनुभयो। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा एमाले नुवाकोटका नेता माधव पाण्डेलगायतलाई माओवादी प्रवेश गराउँदै प्रचण्डले यसअघि पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याउने षड्यन्त्र भएको भन्दै परिवर्तन उल्ट्याउन खोज्नेविरुद्ध कडा सङ्घर्ष गर्नु आवश्यक रहेको बताउनुभयो। देशको समृद्धि र आर्थिक विकासको नेतृत्वकर्ताका रूपमा माओवादी नै जनताको बीचमा स्थापित भएको उहाँको भनाइ छ। मधेसी, थारु, आदिवासी, जनजातीलगायत सबै समुदायको पहिचान र अधिकार माओवादीकै कारण स्थापित भएको तथ्य पेश गर्दै अध्यक्ष प्रचण्डले स्थानीय तहको निर्वाचनमा माओवादीलाई मत दिने आधार समेत जनतामा स्पष्ट रहेको बताउनुभयो। यस्तै, माओवादीको पूर्व स्थायी समितिका उपलब्ध सदस्य र प्रदेश इन्चार्जको अनौपचारिक बैठकमा समसामयिक राजनीतिक परिस्थिति र स्थानीय चुनावमा सत्ता गठबन्धनमा भएको तालमेलसम्बन्धी विषयमा छलफल भएको थियो। अध्यक्ष प्रचण्डले पछिल्ला राजनीतिक विषयमा बैठकलाई जानकारी गराउनुभएको प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो।

## उद्धारका लागि खटिने सेनाका लागि फेवाताल किनारमा सेट घर

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**

पोखराको फेवातालमा जलजन्य विपत उद्धारका लागि खटिएका नेपाली सेनाका जवानहरु बस्नका लागि नेपाली सेनाले सेट घर निर्माण कार्य सुरु गरको छ।



मध्य कमाण्ड हेड क्वाटरका कमाण्डपति उपरथी बाबुराम श्रेष्ठले उक्त घरको शिल्यान्यास गर्नुभएको छ। सो अवसरमा उपरथी श्रेष्ठले पोखेली र पोखरा घुम्न आउने पर्यटकहरुको आवश्यकता र चासोलाई मध्यनजर गरी सो घर निर्माण अनिवार्य भएको बताउनुभयो।

निर्माणाधिन सेट घर रत्न मन्दिर परिसर र बाराही घाट नजिक रहेको छ। करिब ३२ लाखको लागत अनुमान गरिए पनि नेपाली सेनाले श्रमदानले आधा रकम कम हुनेछ। घर निर्माणका लागि कुनै लिखित बजेट नभए पनि विभिन्न संघ संस्थाले केही सहयोग गर्ने भएका छन्। जसमा होङ्सी सिमेन्टले ३ सय बोरा सिमेन्ट सहयोग गरिसकेको छ। गण्डकी प्रदेश सरकार, पोखरा महानगर, कास्की जिल्ला हार्डवयर एसोसियसन लगायतले सहयोगका लागि प्रतिबद्धता जनाएका छन्।

फेवातालमा घुम्न आउने पर्यटक र स्थानीयहरुको तालमाथि हुनसक्ने संभावित दुर्घटना न्यूनीकरण गर्न नेपाली सेनाले उद्धार टोलीलाई ताल किनारमा राख्दै आएको छ। त्यस्तो टोली हालसम्म पनि पालको भरमा बसी जोखिम मोलेर सेवामा खट्दै आएको छ। गत चैत ८ गते पोखरा घुम्न आएका २३ जना पर्यटक फेवातालमा आएको छालका कारण तालमा फँसेका थिए। दुर्घटना हुँदै गर्दा नेपाली सेनाको उद्धार टोली उनीहरुलाई सकुशल उद्धार गर्न सफल भएको थियो। कोभिडभन्दा अघिको तथ्याङ्क हेर्दा वार्षिक ५० जनाभन्दा बढी मानिसहरु फेवातालमा डुबेको अवस्थाबाट उद्धार गर्दै आएको मध्य कमाण्डका सूचना अधिकृत प्रमुख सेनानी प्रेमप्रसाद पौडेलले जानकारी दिनुभयो।

## जबराविरुद्ध दर्ता भएको महाअभियोगको मुद्दामा कागजात झिकाउने आदेश

**रासस**
**काठमाडौं २ बैशाख**

सर्वोच्च अदालतको संवैधानिक इजलासले निलम्वनमा पर्नुभएका प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध दर्ता भएको महाभियोगसम्बन्धी कागजात झिकाउने आदेश गरेको छ।

कायमम ु कायम प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, डा आनन्दमोहन भट्टराई, प्रकाशमानसिंह राउत र तेजबहादुर केसीको संवैधानिक

बाँकी अन्तिम पृष्ठमा ▶▶




सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय नाईन ए साईड भेट्रान फुटबल प्रतियोगिता शुरु

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

युवा तथा खेलकुद मन्त्रलाय गण्डकी प्रदेशको आयोजनामा राष्ट्रिय नाईन ए साईड भेट्रान फुटबल प्रतियोगिताको शुक्रबार उदघाटन समारोह भएको छ। शुक्रबार पोखरा रंगशालामा ४ खेल सम्पन्न भएको छ।



शुक्रबार विहान भएको खेलमा पोखराको बगर भाइखलकले वालिङ भेृटान टिमलाई ५-१ को फराकिलो गोल पराजित गरेको छ। खेलको दोस्रो मिनेटमै मोती कुँवरको गोलबाट वालिङ भेट्रानले अग्रता लिएको थियो। बगरभाइ खलकले बराबरी गोल फर्काउन सफल भयो। पहिलो हाफ बराबरीमा भएको खेलमा २८ औं मिनेटमा प्रकाश गुरुङ, ३० मिनेटमा टिकेन्द्र गुरुङ, ३२ मिनेटमा गंगा तामाङ( प्लेयर अफ दि म्याच) र ४६ औं मिनेटमा दिपक पुनले गोल गरेका थिए। पोखरा रंगशाला फुटबल मैदानमा आयोजित प्रतियोगिताको दोस्रो खेलमा लेकसाईड भेट्रान टिमले जित्यो। उसले पोखरा भेट्रानलाई १-० ले पराजित गर्‍यो। लेकसाईडको जितमा १६ औं मिनेटमा नरेश गुरुङले गोल गरेका थिए। खेलमा मनबहादुर गुरुङ प्लेयर अफ दि म्याच घोषित भएका थिए। युवा तथा खेलकुद मन्त्री राजीव गुरुङको कप्तानीमा खेलेको मनाङ मर्स्याङ्दी क्लबले पनि जितेको छ। मनाङ भेट्रान टिमले पोखराको दिप युनाईटेडलाई ५-३ गोल अन्तरले पराजित गरेको थियो। मनाङका कर्मा छिरिङ गुरुङले ह्याट्रिक गरे। २ र ६ मिनेटमा बीरबहादुर गुरुङले गोल गरेर दिप युनाईटेडको अगाडि बढाए। खेलको १३ औं मिनेटमा मनाङका लागि कर्मा छिरिङ गुरुङले गोल फर्काए।

खेलको ४० औं मिनेटमा दिप युनाईटेडका लागि दलबहादुर लामाले गोल गरे। ४२ औं मिनेटमा मनाङका कर्मा छिरिङले व्यक्तिगत दोस्रो गोल गरे। ४८ औं मिनेटमा पाएको पेनाल्टीलाई सदुपयोग गर्दै कर्माले ह्याट्रिक पुरा गरे। ६० औं मिनेटमा सुमनमान श्रेष्ठले गोल गर्दै जितको आशा जगाउदाँ ६१ औं मिनेटमा सुमन श्रेष्ठले गोल थप्दै मनाङको जित सुनिश्चित बनाए। मनाङका कर्मा प्लेयर अफ दि म्याच घोषित भए। प्रतियोगितामा सिमरा भेट्रान टिम अनुपस्थित भएपछि पोखराको संगम भेट्रान अन्तिम आठमा प्रवेश गर्‍यो। गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा सञ्चालित प्रतियोगिताको उदघाटन गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले गरेका थिए। प्रतियोगितामा १८ टोलीको सहभागिता रहेको छ। पोखरा, काठमाडौं, हेटौडा, वालिङ लगायतका शहरबाट भेट्रान टोलीको प्रतिस्पर्धा रहेको छ। प्रतियोगिता विजेताले नगद ३ लाख, उपविजेताले १ लाख ५० हजार, दुई सेमिफाईनलिष्ट टोलीले नगद ३० हजार, सर्वोत्कृष्ठ खेलाडीले नगद २० हजार तथा उत्कृष्ट पाँच विधाका खेलाडीहरुले नगद १५ हजार रुपैयाँ प्राप्त गर्ने छन्। प्रतियोगिताका संयोजक दिलबहादुर गुरुङका अनुसार शनिबार ६ खेल खेलाईने छ।

# विपि काङ्ग्रेस कास्की नेपाली काङ्ग्रेसमा

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

नेपाली काङ्ग्रेस विपिका केन्द्रीय सदस्य एवम् कास्कीका सभापति चन्द्रबहादुर रानाभाटसहित विपि काङ्ग्रेस कास्की र उनका कार्यकर्ताहरु नेपाली काङ्ग्रेसमा समाहित भएका छन्।

उनीहरुलाई नेपाली काङ्ग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले पाटीको सदस्यता प्रदान गर्नुभयो। साथै विपि काङ्ग्रेसको माइन्युटसमेत सभापति रानाभाटले शर्मालाई हस्तान्तरण गर्नुभयो। चन्द्रबहादुर रानाभाट २०३३ सालदेखि नै नेपाली काङ्ग्रेसमा रहेर काम गर्नुभएको थियो। २०४२ सालको सत्याग्रहमा जेल गएका रानाभाट साविक राखी गाउँपालिकाका ईकाइ सभापतिदेखि लिएर काङ्ग्रेसको विभिन्न पदमा रही काम गर्नुभएको थियो। काङ्ग्रेससँग असन्तुष्ट भएपछि २०४४ सालमा विपि काँङ्ग्रेसमा लाग्नुभएको थियो। पुनः काँङ्ग्रेमा प्रवेश गरेपछि रानाभाटले काङ्ग्रेस छाड्नु गलत भएको स्वीकार गर्नुभयो। रानाभाटले राजनीतिको यात्रामा आफूले काङ्ग्रेसबाहेक अर्को विकल्प नदेखेको बताउनुभयो।

त्यसै गरी सभापति शुक्रराज शर्माले केही कुनै कारणबाट बाहिरिएका साथीहरु पुनःआफ्नो घर फर्केर आउँदा खुशी लागेको बताउनुभयो। उहाँले काङ्ग्रेसभित्र प्रजातन्त्र भएकाले देश र जनताको समृद्धिमा काङ्ग्रेसको विकल्प छैन भन्दै स्थानीय तहको निर्वाचनमा काङ्ग्रेसलाई जिताउन आग्रह गर्नुभयो। कार्यक्रममा महामन्त्री किरण बाबु श्रेष्ठ र प्रवक्ता मधु बास्तोलाले काङ्ग्रेस र समृद्धिका बारेमा बोल्नु भएको थियो।

# युनाईटेड क्लवद्धारा रामेश्वरी माविका छात्राहरुलाई सेनिटरी प्याड वितरण

पोखरापत्र संवाददाता
पोखरा, २ बैशाख

युनाईटेड क्लवको आयोजनामा रामेश्वरी माध्यामिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड वितरण गरिएको छ।

क्लवको १२ औ वार्षिकोत्सवको अवसरमा आयोजित साताब्यापी कार्यक्रम अन्तर्गत क्लवले दोश्रो दिन शुक्रबार पोखरा १४ मझेरीपाटनमा रहेको रामेश्वरी माध्यामिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड वितरण गरिएको हो। सो अवसरमा वोल्दै रामेश्वरीमाध्यामिकविद्यालयका प्रध्यानाध्यापक पूर्णदेव सुवेदीले युनाईटेड क्लवले सामाजिक काम गर्दै अगाडी वढिरहदा आफ्नो विद्यालयमा अध्ययनरत छात्राहरुलाई लक्षित गरी सेनेटरी प्याड सहयोग गरेकोमा धन्यवाद ब्यक्त गर्दै राज्यले गर्नुपर्ने काम सामाजिक संस्थाले गरिरहेको समेत वताए। विद्यालयका सह प्रध्यानाध्यापक दिल सुवा गुरुङले युनाईटेड क्लव जस्ता सामाजिक संस्थाले गरेको सहयोगका कारण विद्यार्थीहरुलाई विद्यालयमा पठनपाठनमा खुल्ला र सहज वनाउन मदत पुग्ने वताइन। त्यस्तै क्लवका संस्थापक अध्यक्ष हिमालय बख्रेलले क्लवको १२ औ वार्षिकोत्सवको अवसर पारी सात दिन सम्म यस्ता सामाजिक कामलाई निरन्तरता दिने वताए। युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य ब्यक्त गरेका थिएभने क्लवका सदस्य तथा कार्यक्रम संयोजक सीमा गुरुङले धन्यवाद मन्तब्य राखेकी थिइन। कार्यक्रमको सञ्चालन क्लवका सचिव दीनेश सुनारले गरेका थिए।




क्लवले १२ औ वार्षिकोत्सवको अवसरमा आयोजित साताब्यापी कार्यक्रम अन्तर्गत शनिवार तेश्रो दिन सेती नदी खोंच एक पर्यटकीय गन्ब्य विषयक अन्तरक्रिया कार्यक्रम कान्तिपुर पार्टी प्यालेसमा आयोजना गर्दैछ।

# जबराविरुद्ध...

इजलासले आज उक्त यस्तो आदेश गरेको हो। अधिवक्ता पुन्यप्रसाद खतिवडासमेतको गत चैत ११ गते अदालतमा बसेर कार्यसम्पादन गरिरहेको प्रधानन्यायाधीशलाई महाअभियोग लगाउनु असंवैधानिक भएको उल्लेख गर्दै खारेज गर्नुपर्नेमा माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो। अदालतले संसद् सचिवालयमा दर्ता भएको महाभियोग दर्तासम्बन्धी सबै कागजात मगाउने आदेश गरेको छ। प्रधानन्यायाधीश राणाविरुद्ध गत फागुन १ गते सत्तारुढ दलका ९८ सांसदले महाभियोग दर्ता गर्नुभएको थियो।

# दुरा जातिको संस्कृति संरक्षण गर्नुपर्छ : सामान्य प्रशासनमन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
दमौली, २ बैशाख

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले दुरा जातिको संस्कृति लोप हुँदै गएकाले संरक्षण गर्नुपर्नेमा जोड दिनुभएको छ।

तनहुँको व्यास नगरपालिका-६ शिशाघाटमा आज आयोजित दुरा सेवा समाजको २९ औं वार्षिकोत्सवको उद्घाटन गर्दै मन्त्री श्रेष्ठले दुरा जातिको संस्कार र संस्कृतिलाई संरक्षण गर्नुपर्ने बताउनुभयो।

मन्त्री श्रेष्ठले दुरा जातिहरुले आफ्नो भाषा संस्कृतिको संरक्षण गर्नुपर्ने बताउँदै त्यसका लागि सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। संविधानले दुरा जातिका लागि अधिकार दिएपनि त्यसको कार्यान्वयन हुन नसकेको मन्त्री श्रेष्ठको भनाइ थियो। "अल्पसङ्ख्यकभित्र पर्ने दुरा जाति आफ्नो हकअधिकार प्राप्तिका लागि सजग र चनाखो बन्नुपर्छ", मन्त्री श्रेष्ठले भन्नुभयो। दुरा सेवा समाजका अध्यक्ष देवबहादुर दुराको अध्यक्षतामा आयोजित कार्यक्रममा समाजका संरक्षक वीरबहादुर दुरा, महासचिव बुद्धिबहादुर दुरा, नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँका अध्यक्ष बसुन्धरा घर्ती लगायतले दुराका हकअधिकारका बारेमा मन्तव्य राख्नुभएको थियो।

# पुम्दीकोटमा...

राखिएको छ भने उक्त महायज्ञ सम्पन्न गर्न करिब ७० लाख खर्च लाग्ने भएको अध्यक्ष बरालले बताए।

मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहने भएको समितिले जनाएको छ। बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कथा प्रबर्चन, झाँकी प्रर्दशन गरिने भएको समितिका उपाध्यक्ष हिमलाल बरालले बताए। यस अघि २०७३ फागुन ३ देखि १३ गतेसम्म संचालन भएको महायज्ञबाट ६ करोड २८ लाख नगद सहित २० रोपनी जग्गा प्राप्त भएको समितिले जनाएको छ। पर्यटन प्रबर्द्धनको लागि पुम्दीकोट बिशाल महादेव मूर्ति निर्माण हाम्रो अठोट, समृद्दि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने नाराका साथ आयोजना हुने महायज्ञमा पोखराको मुख्यबजारबाट महोत्सवस्थलसम्म जानआउनको लागि निशुल्क बस सेवाको व्यबस्था गरिएको अध्यक्ष बरालले बताए।

उक्त बिशाल महादेवको मुर्तिको औपचारिक उद्घाटन विना हिजोआज दैनिक जसो ५ सय पर्यटकहरु जना थालेको समितिले जनाएको छ। बिशाल महादेवको मुर्ति अवलोकनको लागि औपचारिक उद्घाटन पश्चात मात्र प्रशासनको समन्वयमा निश्चित शुल्कः निर्धारण गरिने भएको समितिले तयारी गरेको छ।


## आवश्यकता

पदः सुरक्षा गार्ड
संख्याः १ पुरुष
स्थानः गोर्खा बराह बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड-९ पोखरा
तलब तथा सुबिधाः कम्पनीको नियम अनुसार
अनुभवः भूपू भारतीय सेना रिटायर्ड
छनोटको किसिमः अर्न्तवार्ता
आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्र, डिस्चार्ज सर्टिफिकेटको फोटोकपि, निवेदन र पासपोर्ट साइज फोटो-१ प्रति
अन्तिम मितिः बैशाख ११ गते
सम्पर्कः
कार्यालयः ०६१-५४४६८६
उपाध्यक्षः ९८५६०६६२३१

## उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।